रुपनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
031-450035
031-450086

प.सं.:– २०७६/०७७
च.नं.:–

मिति:–२०७७/०१/१९

विषय: – राहत तथा खाद्यान्न सामाग्री आपुर्ति सम्बन्धि ३(तिन) दिने सार्वजनिक सूचना।

प्रस्तुत बिषयमा विश्व व्यापीरुपमा कोरोना(COVID-19) को माहामारीलाई रोकथाम तथा नियंत्रणका लागि नेपाल सरकारले(Lock Down) घोषणा गरेको यस विशेष परिस्थितिमा यस गा.पा. क्षेत्रमा दैनिक ज्याला गरि खाने घर धुरी परिवार लाई आधारभूत खाद्यान्नको प्रबन्ध मिलाउनु पर्ने हुँदा असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धि मापदण्ड, २०७६ को दफा ६ को प्रयोजनको लागि गाउँपालिकाको कार्यपालिकाको मिति२०७७/१/१९ गतेको निर्णयानुसार तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक नियमावली २०६४ को दफा १४५ बमोजिम तपसिल बमोजिमको खाद्यान्न खरिद गर्नु पर्ने भएको हुँदा इच्छुक फर्म, सप्लायर्सले तल उल्लेखित शर्तहरु बमोजिम दर रेट उपलब्ध गराउनु हुन ३(तिन) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.स. | विवरण | परिमाण | प्रति के.जी. को दररेट भ्याट सहित | कैफियत |
|---|---|---|---|---|
| १. | अरवा चामल १५ के.जी. प्याकेट | १५००० के.जी. | | तेस्रो चरणको लागि |
| २. | मुसुरो दाल २ के.जी. प्याकेट | २००० के.जी. | | |
| ३. | नुन(दुई बाल बालिका चिन्ह भएको) १ के.जी. | १००० के.जी. | | |
| ४. | शुद्ध तोरीको खाने तेल १ लिटर | १००० लि. | | |

शर्तहरु

१. दररेट साथ फर्मको अद्यावधिक गरेको दर्ता प्रमाण-पत्र, २०७५/०७६ को कर चुक्ता, व्यवसाय दर्ता प्रमाण-पत्र, भ्याट/पान दर्ता प्रमाण-पत्र, कालो सूचिमा नपरेको स्व.घोषणा पत्र तथा अन्य कागजात अनिवार्यरुपमा पेश गर्नु पर्ने ।
२. दर-रेट अंक र अक्षरमा स्पष्ट उलेख गर्नु पर्ने छ अंक र अक्षरमा फरक परेमा अक्षरलाई मन्यता दिने छ।
३. दर-रेट मिति २०७७/०१/२१ आइतवार दिनको १२ बजे सम्ममा गाउँपालिकाको ई-मेल **rupanigaupalika@gmail.com** अथवा **ito.rupanimun@gmail.com** ठेगानामा पेश गर्नु पर्ने छ र प्राप्त दर-रेटहरु सोहि दिनको २ बजे दर-रेटदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ (दर-रेटदाता वा निजको प्रतिनिधिको उपस्थित नभएमा खोल्न बाधा पर्ने छैन)।
४. पेश गरिएको दर-रेट मध्ये योग्य फर्म वा सप्लायर्स मध्ये सबै भन्दा कम कबुल अंक उल्लेख गर्ने फर्म वा सप्लायर्सको स्वीकृत गरिने छ र स्वीकृत फर्म वा सप्लायर्सले १ दिन भित्र सम्झौता गरी ३ दिन भित्र तोकिए बमोजिम राहत तथा खाद्यान्न सामाग्री गाउँपालिकाबाट तोकिएको वडामा ढुवानि गर्नु पर्ने छ।
५. गाउँपालिकाबाट प्रथम र दोस्रो पटक प्रकाशित राहत तथा खाद्यान्न सामाग्री आपुर्ति सम्बन्धि ठेक्का सूचना बमोजिम ठेक्का स्वीकृत भई तोकिए बमोजिम सम्झौता नगरेका फर्म वा सप्लायर्सहरुले पुन तेस्रो चरणको ठेक्का प्रक्रियामा सामेल हुन पाउँने छैन।
६. माथि उल्लेखित शर्तहरु बाहेक प्रचलित ऐन नियम बमोजिम हुने छ।

ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत